मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

गौर, रौतहट

Email: info.akcrautahat@madhesh.gov.np
Website: akcrautahat.madhesh.gov.np
Phone: 055-520001, 9855040129
FB: facebook.com/akc.rautahat

सूचना नं.: ०९।०८३।८४

## अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रमका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !!!

**प्रथम पटक प्रकाशित मिति: २०८३।०७।१०**

कृषि ज्ञान केन्द्र, रौतहटको चालु आ.व. २०८३।०८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत अनुदानमा प्राङ्गारिक मल वितरण कार्यक्रम (८५% अनुदान) को प्राविधिक मापदण्ड तथा सञ्चालन विधि, २०८३ बमोजिम रौतहट जिल्लाका कृषक/कृषक समूह/कृषि सहकारी/संस्था/निजी कृषि फर्म तथा कृषि उद्यमीहरूलाई प्राङ्गारिक मल (गड्यौला मल समेत) सहयोगका लागि आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। इच्छुक आवेदकहरूले सूचना प्रकाशित भएको मितिले **३० (तीस) दिन (अर्थात् २०८३।०८।०९ गते)** भित्र देहायका कागजातहरू संलग्न गरी निवेदन सहित आवेदन दर्ता गर्नुहुन अनुरोध गरिन्छ। साथै म्याद नाघेका वा अपूर्ण विवरणयुक्त आवेदनहरू छनौट प्रक्रियामा समावेश गरिने छैन।

**पेश गर्नुपर्ने कागजातहरुको विवरण:**

१. जग्गाधनी पुर्जाको प्रतिलिपी।
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी।
३. समूह वा संस्थाको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि।
४. समूह वा संस्थाको हकमा नविकरण भएको प्रमाणपत्र वा कम्पनीको हकमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त अद्यावधिक प्रमाणपत्रको प्रतिलिपि।
५. समूह वा संस्थाको हकमा स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) प्रमाणपत्रको प्रतिलिपि र अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र।
६. समूह वा संस्थाको हकमा निर्णयको प्रमाणित प्रतिलिपि।
७. अख्तियार प्राप्त पदाधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १ प्रति।

**अनुदानका शर्तहरु:**

- कृषक/कृषक समूह/कृषि सहकारी/संस्था/कृषि फर्म वा कृषि उद्यमीले अधिकतम् ७५ के.जि. प्रति कठ्ठाका दरले प्रयोग गर्ने गरी कृषकको हकमा २.२५ मेट्रिक टन र समूह/सहकारीको हकमा अधिकतम् ५० मेट्रिक टन सम्म मात्र प्राङ्गारिक मल अनुदानमा दिन सकिनेछ।
- यस कार्यक्रम अन्तर्गत स्वीकृत बजेट र कार्यक्रम संचालन कार्यविधि परिमार्जन/संशोधन भए अनुसार थप/घट हुनेछ।

*थप जानकारीको लागि कार्यालय समय भित्र ९८५५०४०१२९/०५५-५२०००१ मा सम्पर्क गरी वा कार्यालयको आधिकारिक वेबसाइट akcrautahat.madhesh.gov.np मा भिजिट गरि प्राप्त गर्न सकिनेछ। कार्यक्रमहरुको आवेदन/प्रस्ताव/स्वघोषणा फारामको नमूना ढाँचा वेबसाइटको डाउनलोड अप्सनमा राखिएको छ।*

अमर चन्द्र मण्डल
प्रमुख (नवौं तह)